# आर्थिक विधेयक २०८१

## ज्वालामुखी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक


## ज्वालामूखी गाउँपालिका

### गाउँकार्यपालिकाको कार्यालय

**साँधभञ्ज्याङ, धादिङ**

**बागमती प्रदेश, नेपाल**

Email :info@jwalamukhimun.gov.np

Website:jwalamukhimun.gov.np

# ज्वालामुखी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रमाणीकरण मिति

२०८१।०३।१०

**प्रस्तावना** : ज्वालामुखी गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) बमोजिम ज्वालामुखी गाउँपालिकाको नबौं अधिवेशनले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि ज्वालामुखी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर** : (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको भौतिक संरचना (घर) मा **अनुसूची -१** मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

(२) देहायको भौतिक संरचना (घर) मा उपदफा (१) बमोजिमको सम्पत्ति कर लाग्नेछैन :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर,

(ख) सरकारी अस्पतालको घर,

(ग) गुठीको स्वामित्वमा भएको घर,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर,

(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका लागि निर्माण भएका घर,

(ज) राजदूतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका घर ।

३. **मालपोत** : (१) गाउँपालिका क्षेत्रभित्रका जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर **अनुसूची - २** मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **घर जग्गा बहाल कर** : (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा बहाल कर लगाई असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर **अनुसूची - ३** मा उल्लेख भएबमोजिम हुनेछ।

५. **व्यवसाय कर** : (१) गाउँपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारको आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइ असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम व्यबसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केट एवं अन्य व्यवसायको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असूली गरिनेछ।

(३) यस दफा बमोजिम लगाइने व्यावसाय करको दर **अनुसूची - ४** मा उल्लेख भए बमोजिम हुनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत **अनुसूची - ५** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइ असूल उपर गरिनेछ।

तर, त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइनेछैन।

७. **सवारी साधन कर** : (१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाइ उठाउनेछ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर **अनुसूची - ६** मा तोकिए बमोजिम हुनेछ।

८. **विज्ञापन कर** : (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने डिजिटलबोर्ड, साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर **अनुसूची-७** मा तोकिए बमोजिम हुनेछ।

९. **मनोरञ्जन कर** : (१) गाउँपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ।

१०. **बहाल बिटौरी शुल्क** : (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरी शुल्क लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर **अनुसूची - ८** मा तोकिए बमोजिम हुनेछ।

११. **पार्किङ्ग शुल्क** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत पार्किङ्ग गर्ने समयको आधारमा **अनुसूची - ९** मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइ असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग शुल्क** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेबापट **अनुसूची - १०** मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइ असूल उपर गरिनेछ ।

१२. **पर्यटन क्षेत्र दर्ता एवं अनुमति शुल्क** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट **अनुसूची - ११** मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइ असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **सेवा शुल्क दस्तुर** : (१) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका **अनुसूची - १२** मा उल्लिखित स्थानीय पूर्वाधार वा सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा उल्लिखित दरमा सेवा शुल्क तथा दस्तुर लगाइ असूल उपर गरिनेछ ।

१५. **बिक्री गर्न सक्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परिक्षणबाट तोकिएको परिमाणमा संकलन हुने ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरु तथा नक्शा पासका लागि आवश्यक निबेदन फाईल, वोलपत्र वा दरभाउपत्र फाराम **अनुसूची -१३** मा उल्लेख भए बमोजिमको दरमा विक्री गरि रकम असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरु विक्री गर्दा विक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम विक्री मूल्यमा ठेक्का बढावढ गरी लगाउन सकिनेछ ।

१६. **भाडामा लगाउन सक्ने** : (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा **अनुसूची -१४** मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ ।

१७. **दण्ड जरिवाना** : (१) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तब्य भएको व्यक्ति वा संघसंस्थाले कर्तब्य पालना नगरेमा वा गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा **अनुसूची - १५** मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्न सक्नेछ ।

१८. **कर छुट** : (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर साहारा विहिन, आपाङ्गता भएका नागरिक, दैवि प्रकोप पिडित र एकल/विधवा महिलाको सिफारिश दस्तुर छुट दिन भने कुनै बाधा पर्ने छैन ।

१९. **कार्यविधि बनाउन सक्ने** : (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपलिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२०. **प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

ज्वालामूखी गाउँपालिकाको
राजस्वका दरहरु

## अनुसूची -१

(ऐनको दफा २ को उपदफा (२) संग सम्वन्धित)

### सम्पत्ति कर

| संरचनाको किसिम | आर.सि.सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| दर प्रति वर्ग फिट रु | १५०० | १२०० | १००० | ८०० | ५०० |

| कर योग्य सम्पत्तिको मूल्य | बार्षिक करको दर | |
|---|---|---|
| एक लाख देखी पाँच लाख सम्म | एकमुष्ठ रु | २०० |
| पाँच लाख भन्दा माथि दश लाख सम्म | प्रति लाख रु | ४० |
| दश लाख भन्दा माथि विस लाख सम्म | प्रति लाख रु | ४५ |
| विस लाख भन्दा माथि पचास लाख सम्म | प्रति लाख रु | ५० |
| पचास लाख भन्दा माथि एक करोड सम्म | प्रति लाख रु | ५५ |
| एक करोड भन्दा माथि एक करोड पचास लाख सम्म | प्रति लाख रु | ६० |
| एक करोड पचास लाख भन्दा माथि दुइ करोड सम्म | प्रति लाख रु | ७० |
| दुइ करोड भन्दा माथि | प्रति लाख रु | ८० |

## अनुसूची - २

(दफा ३ को उपदफा (२) संग सम्वन्धित)

### भूमी कर (मालपोत)

| क्र.स. | विवरण | अव्वल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|---|
| १. | खेत प्रति रोपनी | २० | १६ | १४ | ८ |
| २. | पाखो प्रति रोपनी | १६ | १२ | ८ | ४ |

## अनुसूची - ३

(दफा ४ को उपदफा (२) संग सम्वन्धित)

### घर जग्गा बहाल कर

| १. घर जग्गा वहाल कर | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | करको दर | कैफियत |
| १.१ | घर जग्गा भाडा वापत | १० प्रतिशत | |

| | | | |
|---|---|---|---|
| २. अन्य वहाल कर | | | |
| २.१ | भवन पसल, ग्यारेज, गोदाम ,टहरा, छप्पर, जग्गा वा पोखरी वापत पाउने वहाल रकम | १० प्रतिशत | |

## अनुसूची - ४

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

### व्यवसाय दर्ता तथा नविकरण शुल्क

| क.स | विवरण | दर्ता शुल्क | वार्षिक कर | कैफियत |
|---|---|---|---|---|
| | उपभोग्य सामग्री कर | | | स्थानीय तह घोषणा हुनु पूर्व सम्बन्धित निकायमा र स्थानीय तह घोषण भई सके पछि नियमानुसार गाउँपापलिकामा दर्ता भएका व्यापार व्यवसाय संघ संस्था र समुह समिति प्रत्येक आ.व. समाप्त भएको मितिले ६ महिना भित्र नियमानुसार नवीकरण गराइसक्नु पर्नेछ त्यसपछि थप ५० प्रतिशत र त्यसपछि आर्थिक वर्ष समाप्त भए पश्चात शत प्रतिशत शुल्क लिई नवीकरण गरिने छ । |
| १. | किराना पसल (खुद्रा) | | | |
| १.१ | रु. २ लाख सम्म लगानी / पूँजी | ८०० | ५०० | |
| १.२ | रु. ५ लाख सम्म लगानी / पूँजी | १००० | ७०० | |
| १.३ | रु. १० लाख सम्म लगानी / पूँजी | १५०० | १००० | |
| २. | किराना पसल थोक | | | |
| २.१ | रु.३० लाख सम्म लगानी / पूँजी | २५०० | १५०० | |
| २.२ | रु.३० लाख माथि लगानी / पूँजी | ५००० | २५०० | |
| ३. | तरकारी तथा फलफुल | | | |
| ३.१ | रु.२ लाख सम्म लगानी / पूँजी | १००० | ५०० | |
| ३.२ | रु.२ लाख भन्दा माथि लगानी / पूँजी | २००० | १५०० | |
| ४. | मासु र माछा पसल | १००० | ७०० | व्यवसाय प्रमाण पत्रमा व्यवसाय वा कारोवार पुँजी थप गर्दा शुरुको दर्ता दस्तुर को ५० प्रतिशत रकम लाग्नेछ । |
| ५. | व्यापार | | | |
| ५.१ | रु ५ लाख सम्म लगानी | १००० | ७०० | |
| ५.२ | रु १० लाख भन्दा माथि | १५०० | १००० | |
| ५.३ | पोकेडोके | ५००० | | |
| ५.४ | घुम्ती व्यापारी दुई पाङ्ग्रे | १००० | | |
| ५.५ | घुम्ती व्यापारी चार पाङ्ग्रे | २००० | | |
| ६. | हार्डवेयर पसल | | | |
| ६.१ | रु २० लाख सम्म | ३००० | २००० | |
| ६.२ | रु २० लाख भन्दा माथि | ४००० | ३००० | |
| ७. | रड, सिमेन्ट, कर्कट पाता १० देखी २० लाख सम्म पुँजी | २००० | १५०० | |
| ८. | रङ, रोगन, सिसा प्लाईउड विक्रेता | ३००० | २००० | |
| ९. | विद्युतिय समाग्री विक्रि तथा मर्मत (जस्तै टिभि, फ्रिज, कम्प्युटर ,वासिङ मेसिन , मोवाइल लगायत अन्य) | | | |
| ९.१ | रु १० लाख सम्म | १५०० | १००० | |
| ९.२ | रु १० लाख भन्दा माथि | २५०० | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| १० | विजुलीको सामान पसल | | | |
| १०.१ | रु १० लाख सम्म | १५०० | १००० | |
| १०.२ | रु १० लाख भन्दा माथि | २५०० | १५०० | |
| ११. | सेनेटरी सामान पसल | | | |
| ११.१ | रु १० लाख सम्म | १५०० | १००० | |
| ११.२ | रु १० लाख भन्दा माथि | २५०० | १५०० | |
| १२. | फर्निचर पसल | | | |
| १२.१ | रु २० लाख सम्म | ३००० | २००० | |
| १२.२ | रु २० लाख भन्दा माथि | ४००० | ३००० | |
| १३. | कपडा पसल | | | |
| १३.१ | रु ५ लाख सम्म | १५०० | १००० | |
| १३.२ | रु २० लाख भन्दा सम्म | ३००० | २००० | |
| १३.३ | रु २० लाख भन्दा माथि | ४००० | ३००० | |
| १४. | फेन्सि पसल | | | |
| १४.१ | रु ५ लाख सम्म | १००० | ७०० | |
| १४.२ | रु ५ लाख भन्दा माथि | १५०० | १००० | |
| १५. | आर्ट व्यवसाय, फोटो स्टुडियो | २००० | १००० | |
| १६. | गिफ्ट,स्टेशनरी पुस्तक पसल | | | |
| १६.१ | रु ५ लाख सम्म | १००० | ७०० | |
| १६.२ | रु ५ लाख भन्दा माथि | १५०० | १००० | |
| १७. | मोटरसाईकल वर्कशप | २००० | १५०० | |
| १८. | फ्रेस हाउस : मासु पसल | ५००० | ३००० | |
| १९. | व्युटि पार्लर तथा कस्मेटिक पसल | २००० | १५०० | |
| | | | | |
| २०. | सुँनचाँदी पसल | ३००० | २००० | |
| २१. | टेन्ट हाउस र क्याटरिङ | ३००० | २००० | |
| २२. | मदिरा पसल | | | |
| २२.१ | रु ५ लाख सम्म | २००० | १५०० | |
| २२.२ | रु ५ लाख भन्दा माथि | ३५०० | २५०० | |
| २३. | कपडा पसल तथा सिलाइ कटाइ सहित | | | |
| २३.१ | रु ५ लाख सम्म | १५०० | १००० | |
| २३.२ | रु ५ लाख भन्दा माथि २० लाख सम्म | २००० | १५०० | |
| २३.३ | सिलाई मात्र | १५०० | १००० | |
| २४. | सैलुन | १००० | ६०० | |

| | | | | |
|---|---|---|---|---|
| २५. | व्यूटि पार्लर ट्रेनिङ सेन्टर | २००० | १५०० | |
| २६. | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा वेतवाँसका सामानहरु | १००० | ६०० | |
| २७. | कवाडी व्यवसाय | २००० | १००० | |
| २८. | वैकल्पीक उर्जा | २००० | १००० | |
| २९. | चस्मा पसल | २००० | १५०० | |
| ३०. | कृषि तथा पशु सेवा तर्फ | | | |
| ३०.१ | पोल्ट्री फर्म/कृषि फर्म/पशु फर्म | २००० | १००० | |
| ३०.२ | कृषि तथा पशुपंक्षी फर्म | ४००० | १५०० | |
| ३०.३ | एग्रोभेट दर्ता | २००० | १००० | |
| ३०.४ | कृषि उपकरण मर्मत तथा विक्री | १००० | ५०० | |
| ३०.५ | रासायनिक मल, विउ विजन, दाना, चल्ला, विक्री भेटेनरी सेवा नर्सरी समेतको क्षेत्र | ३००० | २००० | |
| ३०.६ | नर्सरी स्थापना | १००० | ५०० | |
| ३०.७. | कृषि समूह दर्ता खारेजी | ५०० | | |
| ३०.८ | प्राङ्गरिक मल विक्रेता दर्ता | १००० | ५०० | |
| ३०.९ | गाई भैसी स्वास्थ्य तथा परामर्श सेवा | निशुल्क | | |
| ३०.१० | भेडा, वाखा, वंगुर, कुकुर, विराला, खरायो लगायतका चौपाया परामर्श | निशुल्क | | |
| ३०.११ | हाँस, कुखुरा, परेवा लगायतका पंक्षीहरु परामर्श | निशुल्क | | |
| ३०.१२ | कृषि/पशुपंक्षी प्रयोगशाला सेवा | १०० | | |
| ३०.१३ | पूर्वाधार प्रयोगशाला सेवा | २५०० | | |
| ३०.१४ | खानेपानी प्रयोगशाला सेवा | | | |
| ३०.१५ | वोका वन्ध्याकरण | १०० | | |
| ३०.१६ | साँढे वन्ध्याकरण | २०० | | |
| ३०.१७ | कृत्तिम गर्भाधान सेवा | १०० | | |
| ३०.१८ | गर्भ परीक्षण | १०० | | |
| ३०.१९ | नर्सरी विरुवा विक्री वितरण | १००० | | |
| ३१ | होटल व्यवसाय तर्फ | | | |
| ३१.१ | सुविधा सम्पन्न व्यावसायिक  रिसोर्ट | १०००० | ७००० | |

| | | | | |
|---|---|---|---|---|
| ३१.२ | सुविधा सम्पन्न खाना तथा वासको व्यवस्था भएको | ५००० | ३००० | |
| ३१.३ | स-साना खाजा तथा खाना र चिया पसल | २००० | १००० | |
| ३१.४ | घुम्ती तथा ठेला पसल | ५०० | २०० | |
| ३१.५ | होम स्टे दर्ता/आवद्धता | १००० | ५०० | |
| ३२. | **स्वास्थ्य सेवा तर्फ** | | | |
| ३२.१ | क्लिनिक दर्ता/नविकरण | ५००० | २५०० | |
| ३२.२ | औषधि पसल थोक विक्रेता | ४००० | २००० | |
| ३२.३ | औषधी पसल खुद्रा विक्रेता | ३००० | ३००० | |
| ३२.४ | निजि अस्पताल तथा नर्सिङ होम | २०००० | १०००० | |
| ३२.५ | नीजि क्लिनिक तथा ल्याव सेवा | ५००० | ३००० | |
| ३३. | **कम्पनी तर्फ** | | | |
| ३३.१ | विज्ञापन एजेन्सी | २००० | | |
| ३३.२ | परामर्श दाता (कन्सल्टेन्सी) कम्पनी | ५००० | | |
| ३३.३ | वोर्डिङ स्कुल (आधारभूत १-८) | १०००० | | |
| ३३.४ | वोर्डिङ स्कुल माध्यमिक | २०००० | | |
| ३३.५ | नीजि क्याम्पस, उच्च मा.वि. | २०००० | | |
| ३३.६ | पुर्व आधारभूत तह मन्टेश्वरी | २००० | | |
| ३३.७ | कानुनी परामर्श तथा लेखापढी सेवा | २००० | | |
| ३३.८ | इन्जिनियरिङ परामर्श सेवा | ५००० | | |
| ३३.९ | शैक्षिक परामर्श सेवा | २००० | | |
| ३३.१० | कम्प्यूटर, ट्यूसन तथा भाषा शिक्षण संचालन सेवा केन्द्र | ३००० | १५०० | |
| ३३.११ | Ncell/NTC टावर अनुमती | २५००० | एकपटक | |
| ३३.१२ | इन्टरनेट टावर | ५००० | एकपटक | |
| ३३.१३ | केवुल प्रसारण कम्पनी | ५००० | एकपटक | |
| ३३.१४ | फोटोकपी, फ्याक्स, लेमिनेशन, व्यान्डीङ, कुरियर सेवा | १००० | ५०० | |
| ३४ | फोटो स्टुडियो/भिडियो निर्माण | २००० | १००० | |
| ३५. | **वित्तिय संस्था तर्फ** | | | |
| ३५.१ | क वर्गको वैक वा वित्तिय संस्था | २०००० | | |
| ३५.२ | ख वर्गको वैक वा वित्तिय संस्था | १८००० | | |
| ३५.३ | ग वर्गको वैक वा वित्तिय संस्था | १५००० | | |
| ३५.४ | घ वर्गको वैक वा वित्तिय संस्था | १२००० | | |
| ३५.५ | शाखा रहित वैंकिङ सेवा | २००० | | |
| ३५.६ | गाउँपालिका भित्र कार्यालय राखी संचालन | ५००० | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| | भएका लघवित्त वित्तिय संस्था | | | |
| | गाउँपालिका बाहिर कार्यालय राखी गाउँपालिकामा संचालन भएका लघवित्त वित्तिय संस्था | ३००० | ७०० | |
| ३६. | **सहकारी संस्था लि.** | | | |
| ३६.१ | वार्षिक रु ५० लाखसम्म कारोवार | ३००० | ५०० | |
| ३६.२ | वार्षिक रु. ५० लाखदेखी १ करोड कारोवार | ५००० | १००० | |
| ३६.३ | वार्षिक रु. १ देखी ३ करोड कारोवार | ६००० | १५०० | |
| ३६.४ | वार्षिक रु. ३ देखी ५ करोड कारोवार | ७००० | २००० | |
| ३६.५ | वार्षिक रु. ५ देखी १० करोड कारोवार | ८००० | २५०० | |
| ३६.६ | वार्षिक रु. १० देखी २० करोड कारोवार | ९००० | ३००० | |
| ३६.७ | वार्षिक रु. २० देखी ३० करोड कारोवार | १०००० | ३५०० | |
| ३६.८ | ३० करोड कारोवार भन्दा माथी | १५००० | ५००० | |
| ३६.९ | रेमिट्यान्स सेवा | २००० | ५०० | |
| ३६.१० | वीमा कम्पनी सूचिकृत | ५००० | ३००० | |
| ३७. | **उद्योग तर्फ** | | | |
| ३७.१ | पाउरोटी, वरफ, विस्कुट तथा दालमोठ उद्योग | ३००० | १५०० | |
| ३७.२ | पोलिथिन पाईप तथा अन्य प्लाष्टिक स्टिल उद्योग | ५००० | ३००० | |
| ३७.३ | फर्निचर निर्माण उद्योग | ५००० | ३००० | |
| ३७.४ | मैनवत्ती तथा अगर वत्ती उद्योग | २००० | १००० | |
| ३७.५ | हूयूम पाईप, विद्युत पोल, तार वार पोल, सिमेन्ट व्लक र सिमेन्ट रेलिङ उद्योग | १०००० | ६००० | |
| ३७.६ | वालुवा, ढुङ्गा तथा गिटी खानी संचालन | १००००० | वार्षिक | |
| ३७.७ | झोला उद्योग | २००० | १००० | |
| ३७.८ | डेरी उद्योग ( दुग्ध तथा दुग्ध सम्वन्धी अन्य व्यवसाय लगायत | ३००० | २००० | |
| ३७.९ | ग्रील सटर उद्योग स्टिल सहित | ५००० | ३००० | |
| ३७.१० | मील (कुटानी, पिसानी ठुलो | २००० | १००० | |
| ३७.११ | पानी घट्टा | ६०० | ४०० | |
| ३७.१२ | कुटानी पिसानी सानो मिल | १००० | ६०० | |
| ३७.१३ | क्रसर उद्योग | १५०००० | वार्षिक | |
| ३७.१४ | सिमेन्ट उद्योग वाट उत्पादित सिमेन्ट प्रति वोरा | ०/५० | | |
| ३७.१५ | ग्यास उद्योग प्रति सिलिण्डर | ०/५० | | |
| ३७.१६ | वालुवा धुने उद्योग वार्षिक | ५०००० | | |
| ३७.१७ | वालुवा खानी तथा ढुंगाखानी दर्ता सिफारिश | ५००० | | |

| | | | | |
|---|---|---|---|---|
| | दस्तुर | | | |
| ३७.१८ | वालुवा खानी तथा ढुंगा खानी नवीकरण सिफारिश दस्तुर | ३००० | | |
| ३७.१९ | वालुवा तथा ढुङगा खानी नामसारी सिफारिश दस्तुर | ८००० | | |
| ३७.२० | ईट्टा र टायल उद्योग संचालन दस्तुर | ५००० | ० | |
| ३७.२१ | मादल, खैजडी लगायत स्थानीय वाजा निर्माण मर्मत तथा विक्री | २००० | १००० | |
| ३७.२२ | सिरक डसना उद्योग | २००० | १५०० | |
| ३७.२३ | दुना टपरी/अचार/गलैचा उद्योग | १००० | ५०० | |
| ३७.२४ | छाला जुत्ता उत्पादन तथा विक्री पसल | १००० | ७०० | |
| **३८.** | **निर्माण व्यवसायी आवद्धता दस्तुर** | | | |
| ३८.१ | क श्रेणी | ५०००० | ० | |
| ३८.२ | ख श्रेणी | ४०००० | ० | |
| ३८.३ | ग श्रेणी | ३०००० | ० | |
| ३८.४ | घ श्रेणी | २०००० | ० | |
| **३९.** | **ट्रान्सपोर्ट सेवा/कुरियर सेवा** | **५०००** | **२५००** | |
| **४०.** | **व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि** | ५०० | | |

## अनुसूची - ५

(दफा ६ संग सम्वन्धित)

## बन पैदवार, जीवजन्तु, जडिबुटी र कवाडी कर

| क्र.सं. | विवरण | दर (रु.) | | |
|---|---|---|---|---|
| | **चौपाय, चखेरु जन्य पदार्थ एवं अंग** | | | |
| १ | हाड प्रति के.जी. | १ | | |
| २ | सिङ प्रति के.जी. | २ | | |
| ३ | खुर प्रति के.जी. | २ | | |
| ४ | छाला (सानो) प्रति के.जी. | २५ | | |
| ५ | हास ,कुखुरा, जस्ता पंछीहरुको प्वाख प्रति के.जी. | १/५० | | |
| ६ | जगर उन (प्राकृतिक र कृत्रिम) प्रति के.जी. | १/५० | | |
| **क स** | **विवरण** | **प्रति क्यूफिट आन्तरिक निकासी** | **प्रति क्यूफिट वाह्य निकासी** | |
| **२.** | **वनपैदावर** | | | |
| २.१ | वन नियमावलीले तोकेको जडिवुटी | ०/२५ | | |

| | | | | |
|---|---|---|---|---|
| | (प्रति के.जी.) | | | |
| २.२ | सामुदायिक वन सिफारिश | १००० | | |
| २.३ | निजी बन दर्ता प्रति रोपनी | ५०० | २०० | |
| २.४ | वनकास, अम्रीसो, कुचो, वावियो पराल, वाँस प्रति गोटा, लोक्ता र निगालो प्रति के.जी. | १० | | |
| २.५ | खोटो (लिसा) प्रति के.जी. | ०/५० | | |
| २.६ | सालको विया प्रति के.जी. | ०/७५ | | |
| २.७ | सल्लाको सिम्टा प्रति के.जी. | ०/२५ | | |
| **३.** | **कवाडी संकलन** | | | |
| ३.१ | खाली सिसि लगायतका पुराना सामाग्री संकलन अनुमती | १००० | | |
| ४. | **काठ कटानी तथा बिक्री (निकासी) सिफारिश** | आन्तरिक बिक्री | बाह्य निकासी | |
| ४.१ | सुकेढलेका सालको काठ निकासी ( प्रति क्यूफिट) | १०० | २०० | |
| ४.२ | सुकेढलेका सिसौको काठ निकासी ( प्रति क्यूफिट) | ७५ | १५० | |
| ४.३ | सुकेढलेका काठ दाउराको रुपमा प्रयोग गर्न लायक (प्रति क्विन्टल) | १०० | १५० | |
| ४.४ | अन्य | १०० | १५० | |
| ४.५ | बाँस (प्रति गोटा) | १० | | |

**अनुसूची - ६**

(दफा ७ को उपदफा (२) संग सम्वन्धित)

## सवारी साधन कर

गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नविकरण गर्दा लाग्ने करको दर निम्न अनुसार हुनेछ :

| क्र.सं. | सवारी साधनको किसिम | दर्ता तथा आवद्धता | वार्षिक कर |
|---|---|---|---|
| १ | चार पाङ्ग्रे साना | रु.५००।- | रु.२५०।- |
| २ | चार पाङ्ग्रे ठुलो | रु.१०००/- | रु.५००/- |
| ३ | चार पाङ्ग्रे भन्दा माथि | रु.२०००।- | रु.१०००।- |

**अनुसूची - ७**

(दफा ८ को उपदफा (२) संग सम्वन्धित)

## विज्ञापन कर

| क.सं. | विवरण | करको दर |
|---|---|---|
| १. | ग्लो साइनवोर्ड, डिपिएस वोर्ड प्रति वर्ग फिट | रु.२० |
| २. | व्यानर ( वढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | रु.३० |
| ३. | आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा राखेको साइनवोर्डको | कर नलाग्ने |

## अनुसूची - ८

(दफा १० को उपदफा (२) संग सम्वन्धित)

## बहाल बिटौरी शुल्क

गाउँपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति रनिङ फिट का दरले मासिक वहाल विटौरी शुल्क लिइनेछ ।

| क.सं. | विवरण | करको दर |
|---|---|---|
| १. | हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति रनिङ फिट | रु. २० |

## अनुसूची - ९

(दफा १० को उपदफा (२) संग सम्वन्धित)

## पार्किङ्ग शुल्क

| क.स. | विवरण | शुल्कको दर रु. (प्रति दिन) |
|---|---|---|
| १. | चार पाग्रे | २० |
| २. | दुइ पाग्रे | १५ |
| ३. | पटके | १० |

## अनुसूची - १०

(दफा ११ को उपदफा (१) संग सम्वन्धित)

## ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग शुल्क

१) ट्रेकिङ, कोयोडिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र रोपवे जल विहार शुल्क - प्रति टिम प्रति पटक रु. १०००।-
२) ट्रेकिङ, कोयोडिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र रोपवे जल विहार दर्ता शुल्क - प्रति टिम प्रति पटक रु. ३०००।-
३) ट्रेकिङ, कोयोडिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र रोपवे जल विहार नविकरण शुल्क - प्रति टिम प्रति पटक रु. १८००।-

## अनुसूची - ११

(दफा १२ को उपदफा (१) संग सम्वन्धित)

## पर्यटन स्थल दर्ता र अनुमति शुल्क

| मठ, मन्दिर शिवालय, चर्च, गुम्वा मस्जिद |
|---|

| क्र.सं. | विवरण | दर्ता शुल्क रु | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| १. | मण्डली माई व्यवस्थापन समिति दर्ता | १००० | ६०० | |
| २. | जलमुखी माई व्यवस्थापन समिति दर्ता | १००० | ६०० | |
| ३. | अनकन्या मन्दिर चैनपुर व्यवस्थापन समिति दर्ता | १००० | ६०० | |
| ४. | शिवालय वुङकोटघाट व्यवस्थापन समिति दर्ता | १००० | ६०० | |
| ५. | खरीकोट व्यवस्थापन समिति दर्ता | १००० | ६०० | |
| ६. | मैदी कोट व्यवस्थापन समिति दर्ता | १००० | ६०० | |
| ७. | ज्वालामुखी गाँउपालिका भित्र अवस्थित स्थानीय मठमन्दिर, गुम्वा मस्जित , चर्च ,देवालयहरुको संरक्षण र सम्वर्द्धनको लागि | ५०० | ३०० | |

## अनुसूची - १२

(दफा १४ को उपदफा (१) संग सम्वन्धित)

## सेवा शुल्क तथा दस्तुरको दर

| क्र.स. | विवरण | शुल्क तथा दस्तुरको दर रु. | कैफियत |
|---|---|---|---|
| | **अन्य सिफारिश दस्तुर** | | |
| १. | मन्त्रालय / विभाग / संघ | २०० | योजना माग तथा सम्पन्न सिफारिश दस्तुर |
| २. | मन्त्रालय / विभाग / प्रदेश | १५० | |
| ३. | डिभिजन | १०० | |
| ४. | अन्य | १०० | |
| ५. | घर/भवनको नक्सा पास (नयाँ निर्माण हुने पक्की प्रति Square fit) | ६ | |
| ६. | घर/भवनका नक्सा पास (निर्माण भैइसकेको पक्की प्रति Square fit) | ६ | |
| ७. | घर/भवनका नक्सा पास नयाँ निर्माण हुने कच्ची (प्रति Square fit Load Bering) | ३ | |
| ८. | घर/भवनका नक्सापास पुस्तिका | १००० | |
| ९. | घर/भवनको सम्पन्न प्रमाण पत्र दस्तुर | १००० | |
| १०. | घर/भवनको नक्सापास प्रमाण पत्र प्रतिलिपि दस्तुर | ६०० | |
| ११. | संस्थागत सिफारिश | १०० | |
| १२. | नयां नागरिकता सिफारिश | १०० | |
| १३. | नगरिकता प्रतिलिपि सिफारिश | २०० | |
| १४. | मुचुल्का सहितको नयाँ नागरिकता सिफारिश | २०० | |
| १५. | मुचुल्का | ३०० | |

| | | | |
|---|---|---|---|
| १६. | अंगिकृत नागरिकता सिफारिश | ५०० | |
| १७. | प्रहरी मुचुल्का प्रमाणीत | १०० | |
| १८. | चार किल्ला सिफारिश | ३०० | |
| १९. | घर वाटो सिफारिश | ३०० | |
| २०. | वाटो सहितको घर वाटो सिफारिश | ३०० | |
| २१. | फोटो सहितको नाता प्रमाणित | ३०० | |
| २२. | जग्गा नामसारी सिफारिश | २०० | |
| २३. | वेपत्ता नागरिकको जग्गा नामसारी सिफारिश | १००० | |
| २४. | भारत जाने आउने सफिारिश | २०० | |
| २५. | सस्था दर्ता सिफारिश | १००० | |
| २६. | वैदेशिक प्रयोजनको लागि सिफारिश प्रमाणीत | ५०० | |
| २७. | विद्युत मिटर सिफारिश | १०० | |
| २८. | उद्योग दर्ता सिफारिश | २०० | |
| २९. | व्यापार व्यवसाय दर्ता सिफारिश (वडा वाट गा.पा. मा) | ५०० | |
| ३०. | कुटानि पिसानि मिल दर्ता (ठूलो) | २००० | १००० |
| ३१. | काठ मिल दर्ता सिफारिश | २००० | |
| ३२. | अपुताली सिफारिश | २०० | |
| ३३. | मोही लगत कट्टा सिफारिश | ३०० | |
| ३४. | घर कायम सिफारिश | १००० | |
| ३५. | छात्रावृत्ति सिफारिश | निशुल्क | |
| ३६. | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिश | निशुल्क | |
| ३७. | अपाङ्ग / गम्भीर प्रकृतिका रोग सिफारिश | निशुल्क | |
| ३८. | अस्थायी/स्थायी वसोवास सिफारिश | १०० | |
| ३९. | आर्थिक अवस्था वलियो वा सम्पन्नता सिफारिश | ५०० | |
| ४०. | धारा जडान सिफारिश | १०० | |
| ४१. | जीवित रहेको सिफारिश | २०० | |
| ४२. | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने र जन्म मिति प्रमाणित | ३०० | |
| ४३. | जग्गा मूल्याङकन सिफारिश | ५०० | |
| ४४. | व्यवसाय वन्द सिफारिश | २०० | |
| ४५. | व्यवसाय संचालन नभएको सिफारिश | २०० | |
| ४६. | व्यापार व्यवासय नै नभएको सिफारिश | २०० | |
| ४७. | कोट फि मिनाहा सिफारिश | २०० | |
| ४८. | नावालक परिचय पत्र सिफारिश | १०० | |
| ४९ | गाउँपालिका बाट बाहिर चौपाया खरिद विक्री सिफारिश | १०० | भैंडा वाखा |
| | | ५०० | गोरु, भैंसी, राँगा प्रति गोटा |
| ५० | उद्योग ठाउँसारी सिफारिश | ५०० | |
| ५१ | विद्यालय ठाउँ सारी सिफारिश | ५०० | |
| ५२ | आन्तरिक वसाईसराइ सिफारिश | २०० | |

| | | | |
|---|---|---|---|
| ५३. | व्यक्तिगत विवरण सिफारिश | ५०० | |
| ५४. | जग्गा दर्ता सिफारिश | ५०० | |
| ५५. | संरक्षक सिफारिश (व्यक्तिगत) | २०० | |
| ५६. | संरक्षक सिफारिश (संस्थागत) | १००० | |
| ५७. | नेपाल सरकारको नाममा वाटो कायम सिफारिश | ५०० | |
| ५८. | कोठा खोल्ने कार्यमा रोहवरमा वस्ने | ४०० | |
| ५९. | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिश | १०० | |
| ६०. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने सिफारिश | १०० | |
| ६१. | जन्म, मृत्यू, बसाईसराई, विवाह प्रमाणित | ५०० | |
| ६२. | कागज/मन्जुरी नामा प्रमाणित | ५०० | |
| ६३. | विवाहित/अविवाहित प्रमाणित | ५०० | |
| ६४. | जग्गा धनी प्रमाण पूर्जा प्रतिलिपी सिफारिश | २०० | |
| ६५. | वैंक खाता संचालन/वन्द सिफारिश | २०० | |
| ६६. | अंग्रेजिमा सिफारिश तथा प्रमाणीकरण | ५०० | |
| ६७. | मल्टिमिडियाको भाडा प्रतिदिन | १००० | |
| ६८. | साउण्ड सिस्टमको भाडा प्रतिदिन | १००० | |
| ६९. | गै.स.स दर्ता तथा संचालन अनुमती सिफारिश स्थानीय | १००० | |
| ७०. | गै.स.स दर्ता तथा संचालन अनुमती सिफारिश जिल्ला | २००० | |
| ७१. | गै.स.स दर्ता तथा संचालन अनुमती सिफारिश प्रदेश | ३००० | |
| ७२. | गै.स.स दर्ता तथा संचालन अनुमती सिफारिश राष्ट्रिय | ४००० | |
| ७३. | गै.स.स नविकरण तथा संचालन अनुमती सिफारिश स्थानीय | ५०० | |
| ७४. | गै.स.स नविकरण तथा संचालन अनुमती सिफारिश जिल्ला | १००० | |
| ७५. | गै.स.स नविकरण तथा संचालन अनुमती सिफारिश प्रदेश | १५०० | |
| ७६ | गै.स.स नविकरण तथा संचालन अनुमती सिफारिश राष्ट्रिय | २००० | |
| ७७. | कागजात प्रमाणि दस्तुर | ५०० | |
| ७८. | मुद्दा दर्ता दस्तुर | १०० | |
| ७९. | मिलाप पत्र | ५०० | प्रत्येक पक्ष बाट ५००/५०० |
| ८०. | न्यायीक समितिवाट फैसला शुल्क | ७०० | प्रत्येक पक्ष बाट ७००/७०० |
| ८१. | योजना संचालन पुस्तिका | ५०० | |
| ८२. | नक्सापास पुस्तिका | ५०० | |
| ८३. | घर भवनको नक्सापास गरि सम्पन्न प्रमाण पत्र दस्तुर | १००० | |
| ८४. | नक्सापास प्रमाण पत्र प्रतिलिपि दस्तुर | ६०० | |
| ८५. | पुनः निर्माण सम्पन्न प्रमाण पत्र (पक्की) | ५०० | |
| ८६. | पुनः निर्माण सम्पन्न प्रमाण पत्र -कच्ची र रेक्टोफिटिड.) | २०० | |
| ८७. | रासायनिक मल विक्रि अनुमती पत्र दस्तुर | ५००० | |
| ८८. | सहकारी संघ संस्था कार्यक्षेत्र विस्तार अनुमती पत्र दस्तुर | ३००० | |
| ८९. | तमसुक | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ९०. | गाउँपालिका क्षेत्रभित्रका जग्गा नापीको लागि अमिन दस्तुर | ३००० | | |
| **व्यक्तिगत घटना दर्ता दस्तुर** | | | | |
| **क्र.स** | **विवरण** | **शुल्क** | | |
| १. | घटना दर्ता ३५ दिन भित्र | निशुल्क | | |
| २. | घटना दर्ता ३५ दिन भन्दा पछि | २०० | | |
| ३. | घटना दर्ता प्रतिलिपि | ५०० | | |
| ४. | घटना दर्ता अंग्रेजीमा | ५०० | | |
| **जलश्रोत समितिवाट निर्णय भई आएका विभिन्न प्रकारका जलस्रोत उ.स. हरुको प्रमाण-पत्र दस्तुर** | | | | |
| **क्र.स** | **विवरण** | **दस्तुर रु.** | **नवीकरण** | |
| १. | खानेपानी तथा सिँचाईको मुहान दर्ता प्रमाण पत्र | २००० | १००० | जरिवाना व्यवसाय दर्ताको जस्तै |
| २. | पेल्टिक सेट ५ किलोवाट भन्दा माथि दर्ता प्रमाणपत्र | १२०० | १२०० | |
| ३. | लघु जलविद्युत ५ किलोवाट देखि १० किलोवाट सम्मको दर्ता प्रमाणपत्र | १५०० | १५०० | |
| ४. | प्रमाणपत्र प्रतिलिपी | ५०० | ५०० | |
| **घ वर्गको इजाजत पत्र** | | | | |
| १. | इजाजत पत्र दस्तुर | २०००० | ८००० | |
| २. | नामसारी दस्तुर | ५००० | | |
| ३. | नवीकरण दस्तुर आर्थिक वर्ष काटेको | १०००० | | |
| ४. | नवीकरण दस्तुर आर्थिक वर्ष काटेको ३५ दिन पछि | १५००० | | |
| ५. | इजाजत पत्र प्रतिलिपि | ५००० | | |
| **लेखा परीक्षक सूचिकृत शुल्क** | | | | |
| १. | क. वर्ग | २०००० | | |
| २. | ख. वर्ग | १५००० | | |
| ३. | ग. वर्ग | १२००० | | |
| ४. | घ. वर्ग | १०००० | | |
| **सम्पत्ती मुल्याङकन** | | | | |
| **क्र.स.** | **विवरण** | **शुल्क रु.** | **कैफियत** | |
| १. | रु ५ लाख सम्मको | १००० | | |
| २. | रु ५ लाख भन्दा माथि रु ५० लाख सम्मको | १०००० | | |
| ३. | रु ५० लाख भन्दा माथि रु १करोड सम्मको | २०००० | | |
| ४. | रु १ करोड भन्दा माथि जति सुकै भए पनि | २५००० | | |
| **अन्य दर्ता दस्तुर** | | | | |
| १. | टोल विकास संस्था दर्ता/सूचिकृत | ५०० | ३०० | |
| २. | समुह/समिति दर्ता | १००० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| आम्दानी प्रमाणित दस्तुर | | | | |
| १. | रु ५० हजार सम्म | ५०० | | |
| २. | रु. १ लाख सम्म | ७०० | | |
| ३. | रु. १ देखि २ लाख सम्म | १००० | १००० | |
| ४. | रु.२ देखि ५ लाख सम्म | १५०० | | |
| ५. | रु. ५ देखि १० लाख सम्म | २००० | | |
| ६. | रु. १० लाख देखि माथि | ५००० | | |
| | **एकसाभेटर तथा जेसीबि गापामा सूचीकृत सेवा शुल्क** (एक आर्थिक वर्षको लागि) | | | |
| | क) P. C. १०० भन्दा माथि को क्षमता भएको एक्साभेटर | २५००० | | प्रदेश र संघवाट कार्यान्वयन हुने योजनामा प्रयोग भएका भारी उपकरको सूचिकृत दस्तुर पनी सोही अनुसार हुनेछ। |
| | ख) P. C. २०० भन्दा माथि वा सो सरह क्षमता भएको एक्साभेटर | ३५००० | | |
| | ग) P. C. ३०० भन्दा माथि वा सो सरह क्षमता भएको एक्साभेटर | ४५००० | | |
| | जेसीबि | २०००० | | |
| | Roller।ग्रेडर | २०००० | | |
| | घ गाउँपालिकाको भारी उपकरण JCB प्रयोग | प्रति घण्टा रु ३००० | | |

| | | |
|---|---|---|
| १ | एक्साभेटर P.C २०० भन्दा माथि वकेट प्रतिघण्टा भ्याटविल सहित | रु ५५०० |
| २ | एक्साभेटर P.C २०० भन्दा माथि ब्रेकर प्रतिघण्टा भ्याटविल सहित | रु ६५०० |
| ३ | एक्साभेटर P.C १०० भन्दा माथि देखि २०० सम्म प्रतिघण्टा भ्याटविल सहित | रु ४२०० |

ज्वालामुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धाँधभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

## अनुसूची - १३

(दफा १६ को उपदफा (१) संग सम्बन्धित)

### बिक्री दर

| क.सं. | सामग्रीहरु | इकाई | विक्री दर रु |
|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल (नीजि खानी बाट नदिजन्य पदार्थ समेत) | प्रति घन फिट | उत्खनन् : रु. ३ निकासी विक्री : रु. ६ गरि जम्मा रु. ९ |
| २ | ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल (नीजि खानी बाट नदिजन्य पदार्थ समेत) नियम विपरित/अवैध रुपमा उत्खनन् निकासी | | २००००/- |
| २. | वोलपत्र वा दरभाउ पत्र फाराम | प्रति थान | रु १००० वा सो भन्दा माथि (सार्वजनिक खरिद नियमावली अनुसार) |

## अनुसूची - १४

(दफा १६ को उपदफा (१) संग सम्बन्धित)

### सम्पत्ति भाडा

| क.सं. | सम्पत्ति | भाडा दर रु |
|---|---|---|
| १. | ठुलो हल (प्रति दिन) | १००० |
| २. | सानो हल (प्रति दिन) | ५०० |
| ३. | Total Station (प्रति दिन) | ३००० |
| ४. | Lebal Machine प्रति दिन) | २५०० |
| ५. | साउण्ड सिस्टम | १००० |
| ६. | पोजेक्टर | ५०० |
| ७. | हल भाडा | १००० |

## अनुसूची - १५

(दफा १७ को उपदफा (१) संग सम्बन्धित)

### दण्ड जरिवानाको दर

| क. सं. | कसूर | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १. | चालु आ.ब. भित्र मालपोत, सम्पत्ति कर, सवारी कर, विज्ञापन कर तथा जडिबुटी, कवाडी, जिवजन्तु कर नतिरेमा | पहिलो वर्षको लागि १० प्रतिशत, दोस्रो वर्ष देखि प्रतिवर्ष थप ५ प्रतिशतका दरले |
| २. | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा बिक्रीको अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले सम्झौतामा उल्लेख गरिएको परिमाणभन्दा | उत्खनन् भएको परिमाण जफत गरी प्रति घन फिट रु १५ |

| | | |
|---|---|---|
| | बढी उत्खनन गरेमा वा अनुमति बेगर उत्खनन वा बिक्री गरेमा | जरिवाना |
| ३. | नक्सा पास नगरी निर्माण कार्य गरेमा | ३,००० |
| ४. | जथाभावी फोहोर मैला निष्काशन गरेमा | पहिलो पटक रु. २०० त्यसपछि हरेक पटक दोब्बर रु. ५०,००० सम्म |
| ५. | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | १००० |
| ६. | गाउँपालिकाले निषेध गरेका कृयाकलाप संचालन गरेमा | गाउँ कार्यपालिकाले निणर्य गरे बमेजिम रु. १,००,००० सम्म |